बैठक नं ११५

आज मिति २०८३ बैशाख महिनाको ०८ गते नेपाल सम्वत ११४६ कथलाथ्व चतुर्थी मंगलबारको विहान ११ बजे पालुङ्टार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | बिवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज घौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | — | — |
| २ | राम जनम चौधरी | ,, | केशरी थापा<br>इ. केशाले | |
| ३. | दिनेश कुमाल | राजश्व | पा.न.पा-6 | |

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- ११५ मिति: २०८३-०१-०८

| क्र.स | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको ११४ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो । साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो । |
| २ | हाल सम्म भुक्तानी भएको योजनाहरुको फरफार गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/८३ का लागि १७ औ नगरसभा/ १८ औ नगरसभाबाट पारित भएका योजनाहरुको अनुगमन सम्पन्न भई भुक्तानीका लागि प्राप्त भएको अनुसूची १ बमोजिमका योजनाहरुको फरफारक गर्ने निर्णय गरियो । |
| ३ | मर्मत सम्भार कोष संचालन सम्बन्धी संसोधन गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकाको मर्मत सम्भार कोष (सञ्चालन) कार्यविधि-२०८० को दफा ११ मा केही संसोधन आवश्यकता देखिएकोले अनुसूची २ बमोजिम व्यहोरा थप गर्ने निर्णय गरियो । |
| ४ | शासकीय सुधारको कार्यसूची कार्यान्वयन गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीहरु मध्ये स्थानीय तहले कार्यान्वयन गर्नु पर्ने बुदाँ नं ५ कार्यान्वयनका लागि अध्यायन गर्न नगरःउपप्रमुख वन्दना पाण्डेको संयोजकत्वमा सामाजिक विकास समितिको संयोजक भेजराज पाण्डे र वडा नं ८ को वडा अध्यक्ष श्री होप बहादुर नेपाली सदस्य रहने गरि समिति गठन गर्ने तथा बुदाँ नं ९२ को कार्यान्वयनका लागि निर्णय नं ११ बमोजिम गर्ने निर्णय गरियो । |
| ५ | नगर प्रवक्ता तोक्ने सम्वन्धमा । | प्रस्ताव विषयमा यस नगरपालिकाको नगर सभा/ कार्यापालिका बैठकको निर्णयहरु सार्वजनिक गर्न तथा अन्य विषयहरुमा जानकारी उपलब्ध गराउनका निम्ति हाल सम्म नगर प्रवक्ता नतोकिएकोले कार्यपालिकाको सदस्य श्री कृष्ण बहादुर थापा मगरलाई प्रवक्ता तोक्ने निर्णय गरियो । |
| ६ | आयोजना/ कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्वन्धी कार्यविधि निर्माण गर्ने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको अनुगमनलाई व्यवस्थित तथा प्रभावकारी बनाई योजना कार्यान्वयनलाई थप जनमुखी बनाउनका लागि अनगुमन कार्यविधि आवश्यक पर्ने देखिएकोले सो निर्माणका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो । |

शेर बहादुर वि.सी
प्रमुख प्रशासकीय अधिकृत

चितरा चिन्तन
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| ७ | स्वास्थ्य संस्था स्थापना,सञ्चालन तथा नविकरण सम्वन्धी मापदण्ड स्वीकृत गर्ने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकाको जनस्वास्थ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०८२ को परिच्छेद ३ स्वास्थ्य सेवा प्रणाली र व्यवस्थापन सम्बन्धी व्यवस्था अन्तर्गत दफा ९, १० र ११ लाई व्यवस्थित गर्न आवश्यक पर्ने स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा नविकरणका लागि मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | खेलकुद विकास तथा व्यवस्थापन सम्वन्धी कार्यविधि निर्माण सम्वन्धमा। | नगरपालिकाको खेलकुद क्षेत्रको विकास मार्फत नगरबासी विचको भातृत्व विकास सँगै शारीरिक, मानसिक स्वास्थ्यलाई सुधार गर्दै समग्र खेलकुद क्षेत्रको विकासका लागि आवश्यक नीतिगत तथा कार्यगत व्यवस्थापनका लागि खेलकुद विकास तथा व्यवस्थापन सम्वन्धी कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो। |
| ९ | कर अभियान सञ्चालन सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका आन्तरिक राजश्व वृद्धि गर्नका लागि राजश्व सुधार कार्ययोजना बमोजिम वडा कार्यालय मार्फत कर अभियान सञ्चालन गर्ने निर्णय गरियो। |
| १० | आयोजना बैंक निर्माण सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकाको योजना तर्जुमालाई व्यवस्थित बनाई प्रथामिकताको आधारमा योजना छनोट कार्य गर्नका लागि आयोजना बैंक स्थापना गर्नका लागि आवश्यक प्रकृया अघि वढाउने साथै सोको खर्च व्यवस्थापन सेवा परामर्श शिर्षकबाट गर्ने निर्णय गरियो। |
| ११ | सार्वजनिक जग्गा संरक्षण अभियान सञ्चालन सम्वन्धमा। | प्रस्तुत विषयमा छलफल गर्दा यस नगरपालिकाको सार्वजनिक जग्गा संरक्षणका लागि सार्वजनिक जग्गाको लगत सङ्कलन अध्ययन तथा सार्वजनिक जग्गामा रहेको संरचना हटाउनका लागि सूचना प्रकाशन गर्ने लगायतका सार्वजनिक जग्गा संरक्षण समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो। |
| १२ | विविध | मानव बेचविखन जस्तो जघन्य अपराधलाई निर्मुल पार्न मानव बेचविखन विरुद्धको राष्ट्रिय नीति २०८२ कार्यान्वयन गर्ने निर्णय गरियो। साथै नेपाल सरकारको निर्णय बमोजिम शुन्य बाँकी फाईल सप्ताह अभियान-२०८२ लाई कार्यान्वयनका लागि सबै शाखा तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। |
| १३ | विविध | प्रस्तुत विषयमा पालुङटार नगरपालिका वडा नं ४ निवासी श्री जंग बहादुर घर्ति मगरको दुवै दम्पति अपाङ्ग हुनु भएको र निजको आफ्नो निवास नभई आवासको अधिकारबाट बञ्चित हुन पुगेको हुदाँ निजलाई घर निर्माण गरि हस्तान्तरण गर्ने निर्णय गरियो। निजको आवास निर्माणका लागि प्राविधिक अनुमान ६०३६७१.५४ हुने देखिएकोले जनता आवास कार्याक्रमको रु ५ लाख र बाँकी रकम कन्टेजेन्सी शिर्षकमा रहने रकमबाट उपलब्ध गराउने गरि आवास निर्माण कार्य गर्ने निर्णय गरियो। |
| १४ | विविध | प्रस्तुत विषयमा यस नगरपालिकाको वडा सिमाना सिमाङ्कन गर्दा भौगोलिक क्षेत्र नमिलेको कारण सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरु गर्दा |

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | असहजता भएको तथा नेपाल सरकारले नगरपालिकाको सिमाहेरफेर गर्ने रणनीति बमोजिम सोको लागि सुझाव दिन समिति गठन गर्ने निर्णय गरियो।<br>संयोजक- विवश चिन्तन<br>सदस्य- बन्दना पाण्डे<br>सदस्य- चेत बहादुर गुरुङ<br>सदस्य- कृष्ण बहादुर परियार<br>सदस्य- कृष्ण बहादुर थापा मगर<br>सदस्य- मिना सुनार<br>सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत |
| १५ | विविध | १७ औ नगरसभाबाट विनियोजन भएको क्र.स ५१ खर्च शिर्षक २२५२२ को जात्रा मेला महोत्सव संरक्षण तथा प्रवर्धन शिर्षकमा विनियोजन भएको रकम मध्ये कला संस्कृतिको संरक्षण गर्ने कार्य नगर स्तरीय लाखे नाच प्रतियोगिता सञ्चालन गरे बापत श्री धुँवाकोट नेवार समाज पालुङटार नगरपालिका वडा नं ८ लाई रु २,००,०००।– अक्षरुपी दुई लाख मात्र) उपलब्ध गराउने। |
| १६ | विविध | यस नगरपालिका वडा नं ९ मा निर्माण सम्पन्न भएको शित भण्डारलाई संचालन गर्न गत कार्यापालिका बैठकबाट अनुमोदित प्रतिवेदनको आधारमा ५ बर्षको सम्झौता अवधि रहने गरि निवेदन पेश गर्न सूचना आह्वना गर्ने निर्णय गरियो। |
| १७ | विविध | प्रस्तुत विषयमा यस नगरपालिकामा दर्ता भएको तर लामो समय सम्म नविकरण नभएको पालुङटार ईसाई समाजको प्रमाणप्रत्र नविकरणका लागि कानुन बमोजिम प्रकृया पुरा गरि निवेदन पेश गरेमा प्रमाणपत्र नविकरण गर्ने निर्णय गरियो। |
| १८ | विविध | प्रस्तुत विषयमा छलफल गर्दा मिति २०८३ बैशाख ६ गते र तत् पश्चातको हावाहुरीले विभिन्न स्थानमा रहेको व्यक्तिगत सार्वजनिक तथा सरकारी सम्पतीमा भएको क्षेतको विवरण संकलन गर्ने र तत्काल मर्मत गर्नु पर्ने पालुङटार नगरपालिका वडा नं ९ को त्रिवेणी माध्यामिक विद्यालयको प्राविधिम अनुमान बमोजिम विपद् कोषमा रहेको रकमबाट खर्च गर्ने गरि मर्मत गर्ने निर्णय गरियो। |

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवश चिन्तन
नगर प्रमुख

Scanned with CamScanner